# सम्पूर्ण न्यायाधीशहरूले आ.व. २०७९/८० को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरूरी सूचना।

न्याय परिषद ऐन, २०७३ को दफा २९(१) बमोजिम प्रत्येक न्यायाधीशले आर्थिक वर्ष समाप्त भएको मितिले ६० (साठी) दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति विवरण बुझाउनु पर्ने कानूनी व्यवस्था भएको हुँदा आ.व. २०७९/८० को सम्पत्ति विवरण निर्धारित ढाँचाको फाराममा भरी प्रत्येक न्यायाधीशले अलग अलग खाममा बन्द गरी देहाय बमोजिमको विवरणहरू खाम बाहिर उल्लेख गरी २०८० साल साउन १ गतेदेखि भदौ २८ गतेभित्र न्याय परिषद सचिवालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ।

| आ.व. २०७९/८० को सम्पत्ति विवरण | |
|---|---|
| न्यायाधीशको नामः | सिटरोल नम्बरः |
| कार्यरत अदालत : | मोबाइल नम्बरः |
| फोन नं.: | इमेल ठेगाना : |

१. अध्ययन विदा, असाधारण विदा, काज, तालिम र निलम्बनमा रहेका न्यायाधीशले समेत अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

२. २०८० साउन १ गतेदेखि भदौ २८ गतेसम्म सार्वजनिक विदाका दिन बाहेक अन्य दिन बिहान १०:०० बजे देखि अपरान्ह ५:०० बजेसम्म र शुक्रवारका दिन बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म सम्पत्ति विवरण बुझाउन सकिनेछ।

३. हुलाक / कुरियर वा अन्य कुनै निकायमा जुनसुकै मितिमा दर्ता भए तापनि न्याय परिषद सचिवालयमा म्यादभित्र प्राप्त भएको सम्पत्ति विवरण मात्र PIMS मा प्रविष्ट गरी अभिलेख राखिनेछ। २०८० भदौ २८ गते पश्चात प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानिनेछ।

४. सम्पत्ति विवरण समयभित्र प्राप्त भई दर्ता भएको जानकारी खाममा लेखिएको मोवाइल नम्बरमा SMS द्वारा जानकारी गराइनेछ।

५. यस सचिवालयको वेबसाइट www.jcs.gov.np बाट सम्पत्ति विवरण फाराम डाउनलोड गर्न सकिनेछ। अन्य जानकारीका लागि यस सचिवालयको फोन नं. ०१४२००७७५, ०१४२००७७६ र ०१४२००७७७ तथा ईमेल info@jcs.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ ।

**द्रष्टव्यः-**

सम्पत्ति विवरण पेश गरी दर्ता गराउने दायित्व सम्बन्धित न्यायाधीशको भएकोले खामवाहिर विवरण नभरेको वा गलत विवरण भरेको वा म्याद गुज्रेको कारण सम्पत्ति विवरण दर्ता हुन नसकेमा त्यसबाट हुने जरिवाना लगायतका विषयमा सम्बन्धित न्यायाधीश नै जिम्मेवार हुनु पर्नेछ।